
निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
प्रतीक
दैनिक
eprateekdaily.com

बिरामीहरूको दैनिकीमा ध्यान दिऔं, उनीहरूसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ जेठ ०२ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 16 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २५७

# हुलाकी सडक बनेसँगै भत्कन शुरू

## मरम्मत गरिने ठेकदार कम्पनीको आश्वासन

माधव तिमिल्सिना ठोरी, १ जेठ/

करीब डेढ महीना पहिले निर्माण सम्पन्न नहुँदै भारतीय पक्षले अधूरो हुलाकी सडक हस्तान्तरण गर्दा ठोरीवासीले विरोध जनाए ।

चितवन राष्ट्रिय निकुञ्जको अवरोधका कारण करीब ५ किलोमिटर सडक निर्माण बाँकी छँदै भारतीय पक्षले हात झिकेको र ठेकेदार कम्पनीले पनि ठेक्काको म्याद सकिएको भन्दै काम छाडेपछि ठोरीवासीले वनमन्त्री, भौतिक पूर्वाधार मन्त्री तथा प्रधानमन्त्री समेतलाई भेटेर सडक निर्माण सञ्चालन गर्न दबाब दिए। तर पनि हालसम्म सडक निर्माणको काम शुरू हुन सकेको छैन ।

एकातिर चितवन राष्ट्रिय निकुञ्जका कारण हुलाकी सडक अधूरो भएकोमा ठोरीवासी विरोधमा छन् भने अर्कोतिर निर्माण सम्पन्न भएकै सडक पनि वर्षा शुरू नहुँदै भत्कन थालेपछि सडक गुणस्तरीय नभएको स्थानीयको आरोप छ । ठोरी गापा–५ मा पर्ने चमरीहोलदेखि ठोरी गापा–१ मा पर्ने चौतारासम्मको ठेक्का सकारेको कालिका/बानियाँ निर्माण कम्पनीले करीब २५ किलोमिटर सडकमा कालोपत्रे गरेर लेन छुट्याउने रङसमेत लगाइसकेको छ । ठोरी क्षेत्रको लाइफलाइन मानिएको सडक मनसुन शुरू हुनु अगावै परेको वर्षामा भत्कन शुरू भएको छ ।

ठोरीको वनशक्तिनिर सडकको साइड सोल्जर बगाएर कालोपत्र सडक दब्न लागेको छ । यस्तै ठोरीमा सडक हस्तान्तरणको शिलालेख राखिएको अगाडि नै सडक छेउको सोल्जर बगाएर कालोपत्र सडकको केही भाग बगाउने अवस्थामा पुगेको छ। ठोरी गापा–३ मा रहेको ढुङ्गे बजार नजीकैको पुल छेउमा पनि उस्तै हालत छ ।

यसैगरी ठोरी गापा–४ को निर्मलबस्तीमा सडकको साइड सोल्जर बगाउनुको साथै कालोपत्रे सडकमा धाजा फाटेको छ । त्यस ठाउँमा समयमा मरम्मत हुन नसके जुनसुकै बेला सडक भासिएर दुर्घटना हुने सम्भावना छ । त्यसैगरी सबैजसो पुल वरपरको सोल्जरमा पानीले क्षति पुगेको छ ।

वैशाख महीनामा परेको झरीमा नै सडक भत्कन थालेपछि मनसुन शुरू भएपछि सडकको अवस्था झन् के हुने हो भनेर यहाँका मानिस चिन्तित बनेको विजयबस्तीका युवा पद्मबहादुर श्रेष्ठ बताउँछन् । उनले ठेकेदारले लापरवाही गर्दा सडक गुणस्तरहीन भएको आरोप लगाए। काम छिटो सम्पन्न गर्ने बहानामा बेस बिछ्याउँदा लापरवाही गरिएको अर्का युवा होम श्रेष्ठको आरोप छ। ग्रेभल र बेस बिछ्याउने समयमा लापरवाही नगरेको भए आज सामान्य झरीमा सडक भासिने थिएन, उनीहरू भन्छन् ।

कालिका/बानियाँ जेभिका फिल्ड इन्चार्ज उद्धव न्यौपानेले काम सम्पन्न गरेर सडक हस्तान्तरण भएपनि दुई वर्ष सडक मरम्मतको जिम्मा भएको बताए। उनले वर्षामा सोल्जर बगाएको ठाउँमा ग्रास प्लान्ट गरेर सडक संरक्षण गरिने बताए। यही जेठ ५ गतेदेखि ग्रास प्लान्ट शुरू गर्ने तयारी रहेको उनले बताए । उनले कालोपत्रे भत्केको सबै ठाउँमा वर्षाभरि हेरेर वर्षापछि सबैतिर मरम्मत गरिने बताए ।

हुलाकी सडक आयोजना, वीरगंजका प्रमुख द्वारिकाप्रसादले हुलाकी सडकको ठेक्का माथिबाट नै लाग्ने र ठेक्काको शर्तबारे आफूलाई जानकारी भएको बताए ।


गुणस्तरहीन कामका कारण भत्केको हुलाकी सडक । तस्वीरः प्रतीक

# नारायणी अस्पतालको आइसियु भगवान भरोसे

राधेश्याम पटेल, वीरगंज, १ जेठ/

नारायणी अस्पताल वीरगंज प्रदेश २ कै ठूलो सरकारी अस्पताल हो । जसले पर्सादेखि सर्लाही र भारतका बिरामीको उपचार गर्दै आएको छ । तर कोरोना महामारीको दोस्रो लहरमा यस अस्पतालको सबै प्रणाली बिस्तारै असफल हुन थालेको अनुभूति हुँदैछ ।

१२५ शय्याको कोभिड अस्पताल सञ्चालन गरेको यो अस्पतालको कोभिड वार्डको जर्जर अवस्था समेटिएको एउटा भिडियो सार्वजनिक भएको छ । अस्पताल भनेको बिरामीहरूको लागि मन्दिर र डाक्टर स्वास्थ्यकर्मीहरूलाई भगवान् ठानिन्छ। तर त्यो विश्वास नारायणी अस्पतालका डाक्टर, नर्स तथा कर्मचारीले बिरामीलाई दिन नसकेको एकजना सङ्क्रमितको आरोप छ।

अस्पतालमा भर्ना भएका सङ्क्रमतिहरूको उपचार तथा स्यहारमा समस्या देखिएपछि अहिले एकजना सङ्क्रमितको दुईजना कुरुवा वार्डभित्र सेवामा खटेका छन् ।

एकजना सङ्क्रमितका कुरुवा (छोरा) ले दिनमा मुश्किलले एकपटक कुनै डाक्टर आउने र त्यसबाहेक कोही नआउने बताएका छन्। अर्का कुरुवाले चार दिनदेखि अस्पतालमा बसेको र दिनमा ७,८ वटा सिलिन्डर आफैं वार्डसम्म पुऱ्याउने र खाली सिलिन्डर तल्लसम्म झार्ने गरेको बताएका छन्। कुरुवाहरू अस्तपालमा सिलिन्डर बोकेको गाडी आउँदा आफ्ना सङ्क्रमितको लागि खोसाखोस गर्ने लज्जाजनक दृश्य पनि अस्पतालमा देखिन्छ ।

कुरुवाले नै बिरामीलाई मास्क र फेस शिल्ड लगाएर खाना, पानीदेखि फिजियोथेरापीसमेत गरेको भिडियो पनि सार्वजनिक भएको छ ।

कोभिड वार्डको आइसियुमा धूलो थुप्रिएको र सफाइ नगरिएको दृश्य पनि भिडिओमार्फत सार्वजनिक भएको छ। यसले अस्पतालको सफाइबारे सहज अनुमान लगाउन सकिन्छ। अस्पतालका मेसु डा. सञ्जय ठाकुर सबै सेवा चुस्तदुरुस्त रहेको दाबी गर्छन् । तर सार्वजनिक गरिएको भिडिओले आइसियुजस्तो संवेदनशील ठाउँको दुरवस्था प्रस्ट देख्न सकिन्छ ।



नारायणी अस्पतालको कोभिड वार्डको जर्जर अवस्था । तस्वीरः प्रतीक

# वीरगंजमा १३१ जना कोरोना सङ्क्रमित थप

प्रस, वीरगंज, १ जेठ/

वीरगंजमा १३१ जना नयाँ कोरोना सङ्क्रमति थपिएका छन् ।

नारायणी अस्पताल वीरगंजको पिसिआर प्रयोशालामा शुक्रवार सङ्कलन गरिएको स्वाब नमूना परीक्षणपछि शनिवार जारी गरिएको रिपोर्टमा १३१ जना सङ्क्रमित थपिएको अस्पतालका कोभिड संयोजक डा. सरोजरोशन दासले बताए ।

सङ्क्रमित हुनेमा पर्साका ९९ जना, बाराका २१ जना रौतहटका पाँचजना, सर्लाहीका चारजना र वाग्मती तथा बाँकेका एक/एकजना छन्। उनीहरू ३ वर्षदेखि ८० वर्ष उमेरका छन् र सिटी भैल्यु १४.६ देखि ३५ सम्म रहेको संयोजक डा. दासले बताए । सङ्क्रमित हुनेमा ४४ जना महिला र ८७ जना पुरुष छन्।

# डिभिजन वन कार्यालय बाराद्वारा बिरुवा उत्पादन

## स्थानीयहरू निजी वन लगाउन उत्साही

जीतलाल श्रेष्ठ, निजगढ, १ जेठ/

डिभिजन वन कार्यालय, बाराले यस वर्ष विभिन्न प्रजातिका बिरुवा उत्पादन गरेको छ । वन कार्यालयले आफ्नो कार्यालय मातहतको खाली परिसरमा दुई लाख पचास हजार बिरुवा उत्पादन गर्ने सक्ने उच्च स्तरको टनेल निर्माण र नर्सरी स्थापना गरी मसला, टिक, सजीवन, महोगनी (मलेशियन साल), शिरिष, ईपिल, जामुन, सिसौ, सिमललगायत बिरुवा उत्पादन गरेको छ ।

यसरी उत्पादित बिरुवा सरकारी वन क्षेत्र, निजी वन क्षेत्र, सामुदायिक वन क्षेत्र, साझेदारी वन क्षेत्रमा समेत रोप्न सकिनेगरी उत्पादन गर्दै आएको डिभिजन वन कार्यालय बाराका प्रमुख मन्जुर अहमदले जानकारी दिए। यहाँ उत्पादन हुने बिरुवा निश्शुल्क वितरण गर्ने जसका लागि आवश्यक प्रक्रिया भने पूरा गर्नुपर्ने उनले जानकारी गराए ।

निजी वनका लागि जग्गाधनीले बिरुवा उपलब्ध गराउन आवश्यक कागजातसहितको आवेदन वन कार्यालयमा उपलब्ध गराएसँगै बिरुवा रोप्ने जग्गा, जमीनको वन प्राविधिकको टोलीले स्थलगत अनुगमन एवं निरीक्षण गर्ने र सो प्राविधिक टोलीले दिएको प्रतिवेदन अनुसार नर्सरीमा उत्पादन गरिएका बिरुवा वितरण साथै आवश्यक परामर्शसमेत प्रदान गर्दै आइरहेको डिवका प्रमुख अहमदले भने ।

यसरी निजी जमीनमा बिरुवा रोपण गर्दा राष्ट्रिय वन, सामुदायिक, साझेदारी वनमा पर्ने वन पैदावरको चाप न्यूनिकरण हुने र जग्गाधनीले अन्य बाली भन्दा राम्रो आय गर्ने उनले बताए । "हामीले जिल्लाको उत्तरीभेगका साथै दक्षिणीभेगमा पनि निजी वन लगाउन प्रोत्साहन दिंदै आएका छौं। त्यसले केही वर्षभित्रै घाँस, दाउरा, सोत्तरसँगै वन पैदावर उपयोग गर्न सकियोस्"–उनले भने। वन क्षेत्र बाक्लिंदै जाँदा वर्षायाममा

(बाँकी अन्तिम पातामा)



डिभिजन वन कार्यालय, बाराले उत्पादन गरेको उच्च प्रविधिको बिरुवा । तस्वीरः जीतलाल श्रेष्ठ

### विचारसार र सूक्तिहरू

**दिनेले नै सबैथोक पाउँछ। नदिनेको त ऊसँग भएको पनि कुहिन्छ। –कन्फ्युशियस**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# धिक्कार छ सरकार, धिक्कार राजनीति !

### समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**स्रोत साधनको तालाचाबी हातमा लिएर बसेको सरकार नसुन्ने र नबुझ्ने बनेर लापरवाह बनेको छ। महामारी नियन्त्रणमा सबै पक्षको सहयोग र सहकार्य चाहिन्छ भन्ने भनाइ सरकारको लापरवाही लुकाउने औजारमात्र बनिराखेको छ।**

सरकारी तथ्याङ्क अनुसार वैशाख महीनामा नेपालमा कोरोनाका डेढ लाखभन्दा बढी नयाँ सङ्क्रमित थपिए। सङ्क्रमित सङ्ख्या साढे ४ लाखको नजीक पुगिसकेको छ। यो एक महीनामा १ हजार ६ सय ८ जनाको कोरोनाका कारण निधन भयो। वैशाख अन्त्यसम्म यो सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४ हजार ६ सय ६९ पुगेको छ। अस्पतालहरू सङ्क्रमितको चाप थेग्न नसक्ने अवस्थामा पुगेका छन्। स्वास्थ्य प्रणाली असफल भइसकेको छ।

अस्पताल परिसरमैं राखेर सङ्क्रमितको उपचार गरौं न त भन्दा त्यो पनि सम्भव भइराखेको छैन। अस्पतालमा अक्सिजनको अभाव छ। अस्पातालहरूले भर्ना लिन नमानेका समाचार आइराखेका छन्। अस्पतालमात्र होइन, अक्सिजन उद्योगमा पुगेर जनता अक्सिजनका लागि बिलौना गरिराखेको छ। महामारी यो हदसम्म पुगिसक्यो कि मानिस न्यूनतम मानवता बिर्सिने हालतमा पुगिसकेको छ।

एउटा जिल्लाका उद्योगले अर्को जिल्लाका अस्पताललाई अक्सिजन दिन नसक्ने बताइराखेका छन्। महामारीले मानिसलाई स्वार्थको यो सीमासम्म पुऱ्याइदिएको छ कि बिरामीका आफन्तले अक्सिजनका सिलिन्डर खोसाखोस गरेका दृश्य समाचार र सामाजिक माध्यममा देखिन थालेका छन्। एक सर्को सास फेर्न अक्सिजन नपाएर जनताले ज्यान गुमाइराखेको छ। जनता जीवन र मृत्युबीच यस्तो सङ्घर्ष गरिराख्दा सत्ता जोगाउने तिकडममा सफलता पाएर तेस्रो पटक प्रधानमन्त्रीको कुर्सीको आसनमा उक्लिन सफल प्रधानमन्त्री केपीशर्मा ओली बिरामीलाई 'आवश्यकताका आधार' मा अक्जिसन उपलबध गराउने बताइराखेका छन्। सङ्क्रमितले उपचार त परको कुरा सास फेर्न एक मुठी अक्सिजन नपाएर ज्यान गुमाइरहेका कारुणिक दृश्य 'आवश्यकता' पुष्टिका लागि पर्याप्त छैन ? कि सत्तामा पुगेपछि नेतृत्व कान नसुन्ने र आँखा नदेख्ने हुन्छ ? यतिमात्र कहाँ हो र ? प्रधानमन्त्रीले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई कोरोना नियन्त्रणमा रहेको मात्र बताएनन्, जनताकै लापरवाहीका कारण सङ्क्रमण फैलिएको लज्जाजनक बेलिबिस्तार लगाउन पनि पछि परेनन्। प्रधानमन्त्री यो कुरा किन बिर्सिन्छन्, कोरोनाको दोस्रो लहरले दैलोमैं आएर घण्टी बजाइसक्दा उनी र उनको दम्भको वरपर घुमेको राजनीति, शक्ति प्रदर्शनका नाममा हजारौं जनता सडकमा उतारेर कोरोनालाई निम्तो दिइराखेको थियो। एजेन्डा र उद्देश्यमा चिप्लिएपछि राजनीतिले धर्मको पुच्छर समात्छ, राम मन्दिरको लहडमा निकालिएका रथयात्राका नाममा भेला पारिएको हजारौं मानिसको भीड कोरोना फैलाउने माध्यम बनेन ?

जनता अस्पतालमा एउटा बेड र अक्सिजनको लागि तडपिइराखेका बेला देशको राजनीति चाहिं सत्ताको जोडघटाउमा मग्न भएको दृश्य हेर्न अभिशप्त जनता शायद नेपालीबाहेक अन्य हुन सक्दैन। देशलाई महामारीले घेरा हालिसक्दा प्रधानमन्त्रीको ध्यान राष्ट्रिय राजनीति र सत्ता आफ्नो पकडमा राख्नमैं सीमित भयो। ओलीविरोधी दलहरू महामारीप्रति सरकारलाई सचेत बनाउन होइन, ओलीलाई कसरी पदबाट हटाउन सकिन्छ भन्नेमैं केन्द्रित भए।

सरकारका स्वास्थ्य संयन्त्रहरूले कोरोनाबाट ज्यान गुमाउनेको विवरण सार्वजनिक गरिराखेका छन्। स्वास्थ्य संरचानाले धान्न नसक्ने अवस्थामा पुगिसकेको बताइराखेका छन्। त्यति नै बेला मुलकको राजनीतिको प्राथमिकता सरकार बनाउने र ढलाउनेमा एकोहोरिएको दृश्य हामीले देख्यौं। यो महामारीमा राजनीतिक ध्यान अस्पतालको अवस्था र व्यवस्थापनमा अपेक्षा गरिन्छ। तर, नेताहरू सत्ताको अङ्कगणितमा ज्यान फालेर नेतानेताका दैलो र रिसोर्टमा दौडिराख्दा जनता अस्पताल चहार्दाचहार्दै उपचार नपाएर जीवन फालिराखेको हुन्छ भने त्यो राजनीति कसका लागि ? जनताको लागि कि सत्ताको स्वार्थ सोझ्याउनका लागि ? यसलाई राजनीति मान्न सकिन्न, यो त राजनीतिको नाममा निकृष्ट मति र त्यसले उत्पादन गरेको लज्जाजनक बेथिति हो। यो राजनीतिको आवरणमा जनतामाथि गरिएको क्रूर अपराध हो। एउटा बेड र एक सिलिन्डर अक्सिजनको लागि अस्पताल र उद्योगमा चक्कर काटेर पनि प्रियजनको जीवन जोगाउन नसकिराखेको जनतालाई केपी ओलीको कुर्सी जोगियोस् कि त्यो कुर्सीमा देउवा वा प्रचण्ड वा नेपाल वा अरू कोही उक्लियोस्, त्यसले के फरक पार्दछ ?

हामीले देख्यौं/पढ्यौं, देशभर एकै पटक ३ सय ६५ वटा अस्पतालको शिलान्यास भयो। बालुवाटारबाटै दजैनौं सडक योजनाहरू शिलान्यास गरिए। बजेट न योजनाका शिलान्यास भए। अर्बौं रुपियाँ लगाएर धरहरा ठड्याइएन मात्र, हजारौं मानिसको भीड जम्मा गरेर उद्घाटनको नाममा कोरोना फैलाउने काम भयो। तर, धरहरा बनाउने पैसाले सबै नेपालीलाई कोरोनाको खोप पुऱ्याउन सकिन्थ्यो। सरकारले जनताको जीवनमाथि गरिराखेको योभन्दा भद्दा मजाक र गैरजिम्मेवारी अरू के हुन सक्दछ ? भारतमा त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीको राजनीतिक महत्त्वाकाङ्क्षा र हेलचेक्र्याइँको मूल्य भारतीय जनताले चुकाइराखेको छ। हामीकहाँ प्रधानमन्त्री ओलीको बहुलठ्ठीपनको कहर जनताले भोगिराखेको छ।

एउटा सामान्य चेतना भएको मानिसले समेत कोरोना महामारी नियन्त्रणका उपायमा सरकार उदासीन बनिरहेको भेउ पाइसकेको अवस्थामा सरकारले महामारीलाई किन मजाक बनायो ? यो बुझिनसक्नुको विषय बनेको छ। युरोपमा कोरोनाको दोस्रो लहर शुरू हुँदा नेपाल पहिलो महामारीबाट बाहिरिंदै थियो। ढिलोचाँडो त्यो कहर नेपाल आउने चेतावनी जनस्वास्थ्यका विज्ञहरूले दिइराखेका थिए। छिमेकी भारतमैं दैनिक ३ लाखको हाराहारीमा सङ्क्रमित थपिंदा खुला सिमाना जोडिएको नेपालले तत्काल सावधानीका उपाय गर्नुपर्ने सामान्य चेतको कुरा थियो। सरकार र देशको राजनीति भने यही बेला ठाउँठाउँमा जनता उतारेर शक्ति प्रदर्शन, रथयात्रा र धरहरा उद्घाटनमा मग्न थियो। अहिले देशका २/४ जिल्लाबाहेक सबैतिर निषेधाज्ञा छ। तर, भारतीय सीमासित जोडिएका क्षेत्रमा होल्डिङ सेन्टर राख्ने निर्णय अझै अलपत्र छ।

विगतको महामारीबाट सिकेको पाठसमेत सरकारले यसरी बिर्सियो कि कोरोना महामारी भन्ने कुनै चीज नै थिएन। यसो त विगतमा महामारी सरकारको योजना र सक्रियताले नियन्त्रणमा आयो कि, कसरी ? सरकार महामारीप्रति कति संवेदनशील छ भन्ने बुझ्न त हिमाल र पहाडको स्वच्छ हावा र पानीले प्रतिरोधी क्षमता बलियो भएकोदेखि बेसार पानी र अम्बापाते उपायहरू नै पर्याप्त हुन सक्छ। सरकारको आत्मघाती अभिव्यक्ति र गैरजिम्मेवारीको मूल्य जनताले आफ्नो जीवन गुमाएर चुकाउनुपरिराखेको छ।

एउटा सामान्य व्यक्ति महामारीमा आफन्त र प्रियजन गुमाएको पीडा र चित्कार सुनेर भावुक भइराखेको छ। छटपटिइराखेको छ, तर लाचार छ। स्रोत साधनको तालाचाबी हातमा लिएर बसेको सरकार नसुन्ने र नबुझ्ने बनेर लापरवाह बनेको छ। महामारी नियन्त्रणमा सबै पक्षको सहयोग र सहकार्य चाहिन्छ भन्ने भनाइ सरकारको लापरवाही लुकाउने औजारमात्र बनिराखेको छ। जनताले त सरकारको कदमलाई सहयोग गर्ने न हो। सरकारले घरबाट बाहिर ननिस्क भन्यो, जनता भोकै आआफ्नो घरमा थुनिएको छ। सरकारले उपचार दिन सक्दैन, यतिसम्म कि सास फेर्न अक्सिजन पनि दिन सक्दैन। बिरामी सास फेर्न नपाएर छट्पटिएर मर्छ। आफन्त निरीह बनेर बिलौना गरिराखेका छन्। देशका प्रधानमन्त्री पदभार ग्रहण गरिराख्दासमेत 'आवश्यकताका आधार' मा अक्सिजन उपलब्ध गराइने छ भन्दै जिम्मेवारीबाट पन्छिजे शब्दजाल बुनिराखेका भेटिन्छन्। अझै पनि सरकार भन्दैछ, महामारी नियन्त्रणमा सबैको सहयोग चाहिन्छ ? धिक्कार छ सरकार, धिक्कार राजनीति !

## दुईपक्षबीच झडप, दुईजना घाइते, गाडीमा आगजनी



तस्वीर: प्रतीक

प्रस, सिम्रौनगढ, १ जेठ/

सिम्रौनगढ नगरपालिका-२ नौकाटोलामा दुई पक्षबीच झडप भएको छ। झडपमा दुईजना घाइते भएका छन् भने एउटा कारमा तोडफोड गरी आगजनी गरिएको छ।

शुक्रवार राति साढे दश बजे जन्ती जाने क्रममा उपमेयर रीमादेवी कुशवाहाका पति जयन्त कुशवाहा चढेको गाडीले स्थानीय लवकुशराज चढेको भारतीय नम्बरको गाडीमा ठोकेको थियो। आफ्नो गाडीमा ठक्कर दिएपछि राजले उपमेयरका पति जयन्तलाई किन ठक्कर दिएको भनेपछि विवाद चुलिएको थियो। त्यसपछि जयन्तले राजलाई कुटपिट गरी उनको गाडीमा आगजनी गरेको राजको आरोप छ। सोही विषयमा पुनः जयन्त पक्षधर राजको घरमा पुगेर उनका आमाबुबासमेतलाई कुटपिट गर्दा झडप भएको राजको भनाइ छ। तर उपमेयरका पति जयन्तले भने राति गाडीबाट राजको गाडीलाई सामान्य छोएको र सो कुरालाई लिएर निजले ठूलो हङ्गामा गरेको बताए। उनले भनाभन सम्म भएको तर राजको गाडीमा कसले आगजनी गऱ्यो आफूलाई थाहा नभएको प्रतिक्रिया दिएका छन्। घटनामा जयन्त र राजका तर्फबाट प्रिन्सराज घाइते भएका छन्। उनीहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भएको छ।

# वर्तमान

वर्तमान समय अनमोल छ। वर्तमान समय नै यथार्थ हो। वर्तमान समय नै कर्मको आधार हो। वर्तमान समय नै एकमात्र हाम्रो साथमा छ, वर्तमान समय नै भविष्यको जन्मदाता हो र अतीतका कारण उपस्थित छ। त्यसैले वर्तमान समय निकै खास छ र जो यस वर्तमान समयमा बाँचदछ, जो यस वर्तमान समयका क्षणहरूको महत्त्व बुझ्दछ, उसले वर्तमानको अमूल्यताको अनुभव गर्न सक्दछ।

**यसै सूत्रमा निर्भर रहेर हामी विश्वव्यापी कोरोना सङ्क्रमणलाई परास्त गर्न सक्छौं। किनकि अहिले वर्तमान छ, वर्तमानमा हामी जे गर्छौं, त्यसले कोरोनालाई बढावा दिने वा यसको क्रमभङ्ग गर्ने कार्य गर्छ।**

कालगणनाको सुविधाको दृष्टिले हामी समयलाई मुख्यतः तीन भागमा बाँडेर हेर्दछौं–अतीत, वर्तमान र भविष्य। अतीत र भविष्य अलग–अलग होइन, अपितु लगभग एक हो। दुवैको मूलतत्त्व एकै हो, फरक केवल स्थानको हो कि एउटा बितिसकेको र अर्को बित्नेवाला छ। यी दुवै, अर्थात् अतीत र भविष्य, एकअर्कासँग यति निकटताका साथ जोडिएका छन् कि ती अलग–अलग भएर पनि एक छन्।

अतीत, वर्तमान र भविष्य–यी तीनमध्ये मुख्य कुन हो ? त्यो हो–वर्तमान। यो वर्तमानको क्षण नै अतीत र भविष्यको जन्मदाता हो। बितेको हिजो पनि कहिले वर्तमान थियो र जुन आउनेवाला भोलि छ, त्यो पनि वर्तमानले स्पर्श गरेपछि अतीत बन्छ, अर्थात् वर्तमान नै अतीत र भविष्यको विभाजन रेखा हो, जसको एकातिर अतीत र अर्कोतिर भविष्य छ।

वर्तमानको अति निकट भएर पनि हामी अतीतमा कुनै हस्तक्षेप गर्न सक्दैनौं; किनभने त्यो समय हाम्रो हातबाट फुत्किसकेको छ। अतीतको समयमा हामी त्यसैबेला केही गर्न सक्दथ्यौं, जब त्यो वर्तमानको धरातलमा थियो, अर्थात् त्यो समय हाम्रो हातमा थियो। वास्तवमा हाम्रो सारा अतीत हाम्रो आफ्नै वर्तमानको सञ्चयन त हो नि ! त्यसैले यदि हामी चाहन्छौं कि हाम्रो अतीत सुखद बनोस्, यसलाई, आफ्नो वर्तमानको पललाई, सुखद बनाएर मात्र गर्न सकिन्छ; किनभने प्रत्येक बितिरहेको पल तत्काल अतीतमा परिवर्तित भइरहन्छ। जसलाई हामी आफ्नो स्मृति भन्छौं, त्यो हाम्रो अतीत हो, जुन हाम्रो मस्तिष्कमा अङ्कित छ, जसलाई हामी जबतब सम्झना गरेर फेरिदेखि बाँच्ने कोशिश गर्दछौं। यसर्थ यदि हाम्रो सम्झना राम्रो छ भने हाम्रो जीवन निश्चितरूपले राम्रो हुनेछ।

अतीत र वर्तमानपछि फेरि भविष्यको कुरा आउँछ। भविष्यको तात्पर्य यो हो कि त्यो अहिले आएको छैन, तर आउँछ। अतीतलाई किनकि हामीले नै बनाएको हो, हाम्रै कर्मले त्यसलाई आकार दिएको हो, त्यसैले त्यहाँ सबैथोक यथार्थमा घटित भएको थियो; तर भविष्यका साथ यस्तो केही छैन। भविष्यबारे जे पनि छ, सबै काल्पनिक छ। भविष्यबारे हाम्रो जे पनि सोच छ, ती सब मनका रङ्गीन तरङ्ग हुन् वा आशङ्काहरूका अल्झिए–सुल्झिएका विचार हुन्। भविष्यबारे हामी तबसम्म केही गर्न सक्दैनौं, जबसम्म भविष्यको क्षण वर्तमानको क्षणमा परिवर्तित हुँदैन।

हो, भविष्यबारे यो कुरा अवश्य हो कि वर्तमानमा हामी जे पनि गरिरहेका छौं, त्यो सबै भविष्यका लागि गरिरहेका हुन्छौं, त्यसैले मनोवाञ्छित भविष्यलाई यथार्थमा परिवर्तित गर्नका लागि हामी वर्तमानमा निरन्तर हस्तक्षेप गरिरहन्छौं, जसले गर्दा हाम्रो चाहना अनुसार हामीलाई भविष्य प्राप्त होस्। तर कैयौं कोशिशका बावजूद कहिले–कहिले हाम्रो भविष्य हाम्रो मर्जी अनुसार हुँदैन; किनभने भविष्यको जग वर्तमानले मात्र निर्धारित गर्दैन, अपितु अतीतले पनि निर्धारित गर्दछ।

अतीतमा गरिएका शुभ र अशुभ कर्मले हाम्रो शुभ–अशुभ भविष्यको निर्धारण गर्दछ र यही कारण हो कि वर्तमानमा अथक प्रयास गर्दा पनि मनोवाञ्छित भविष्य प्राप्त गर्न सकिन्न; किनकि वर्तमानको कर्मले नै हाम्रो भविष्यलाई आकार दिन्छ।

किनकि हाम्रै कर्म हाम्रो भविष्य बन्दछ र हाम्रो भविष्यको निर्धारण पनि त्यसैले गर्दछ, यसैले गीतामा असाध्यै उत्तम वचन भनिएको छ–**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन** अर्थात् कर्म गर्नसम्म मानिसको अधिकार छ, त्यसको फलमा होइन, यो कर्म केवल वर्तमानमा मात्र सम्भव हुन्छ। अर्थात् वर्तमान समयमा नै मानिसलाई आफ्नो कर्म गर्ने अधिकार हुन्छ, न अतीतमा, न भविष्यमा उसले कुनै अतिक्रमण गर्न सक्छ। यसर्थ वर्तमानमा रहनु नै वास्तवमा जीवन जिउनु हो।

दुर्भाग्यवश हुन्छ के भने वर्तमान समयमा रहँदारहँदै पनि हामी कि अतीतको सम्झना पर्गेलिरहेका हुन्छौं वा भविष्यको कल्पनाले हामीलाई बहकाइरहेको हुन्छ। यसरी हामी वर्तमानमा रहेर पनि आफ्नो मनलाई वर्तमानसँग पूर्णरूपले जोड्न सक्दैनौं, वर्तमानको क्षणलाई हामी पूर्णरूपले बाँच्न सक्दैनौं, न वर्तमानको क्षणको पूरा सदुपयोग नै गर्न पाउँछौं।

अधिकांश बेला हामी कि अतीतका गलती वा श्याबासीहरूको सम्झना गरिरहन्छौं, त्यसमा कि दुःख वा खुशी अनुभव गर्छौं अथवा भविष्यको सुखद कल्पनाको हावामहल तयार गरिरहन्छौं, जससम्म पुग्नका लागि हामीसँग कुनै सही बाटो हुँदैन। यही कारण हो कि हाम्रो भविष्यको हावामहल, भविष्यको हावामा नै कहीं विलीन हुन्छ, यथार्थको धरातलमा उत्रनै पाउँदैन।

यदि हामीले आफ्नो वर्तमान समयमा ध्यान दियौं, त्यसमा आफ्नो मन लगायौं, अतीतका सम्झना र भविष्यको कल्पनाहरूमा बढी समय गुमाएनौं भने निश्चितरूपले हाम्रो वर्तमानले नै हामीलाई आफ्नो इच्छित भविष्यतिर लैजान सक्छ। जब हामी वर्तमान समयको कुरा गर्दछौं, तब त्यसको स्वरूप लम्बाइ–चौडाइमा हुँदैन, त्यो त एउटा सानो बिन्दुभन्दा पनि सानो हुन्छ, तर त्यसको गहिराइ हाम्रो अनुमानभन्दा निकै टाढा हुन्छ।

त्यसैले यदि वर्तमानलाई जिउनु छ भने यसको गहिराइमा उत्रेर मात्र यसलाई बाँच्न सम्भव हुन्छ। यसैलाई 'ध्यान' भनिएको हो। ध्यान अर्थात् हाम्रा विचारहरू एउटा बिन्दुविशेषमा टिक्नु। विचारहरू थामिनेबित्तिकै हाम्रो चेतनामा जीवन–ऊर्जाको सञ्चयन हुन थाल्छ। ऊर्जाको यही अधिकता वा सघनताले हामीलाई वर्तमानको गहिराइको यात्रामा लैजान्छ। वर्तमानको यो अनुभव विचारहरूद्वारा सम्भव हुन सक्दैन। यसका लागि उच्चस्तरीय संवेदनशीलता आवश्यक हुन्छ र हामी आफ्नो मनलाई हृदयमा विलीन गरेर यस संवेदनशीलतालाई प्राप्त गर्न सक्दछौं।

हाम्रो प्रत्येक सास, जसलाई हामी पूर्ण होश अवस्थामा लिइरहेका छौं र छोडिरहेका छौं, त्यसले हामीलाई आफ्नो वर्तमानको अनुभूति गराउँदछ। वर्तमानको अनुभूतिका साथ, त्यसको गहिराइमा जानु र त्यसलाई जिउनु नै वर्तमानको क्षणलाई वास्तवमा जिउनु हो, जसले हाम्रो अतीत र भविष्य दुवैलाई उत्तम बनाउँछ। सुखी र सफल जीवन बाँच्ने यही सूत्र हो।

यसै सूत्रमा निर्भर रहेर हामी विश्वव्यापी कोरोना सङ्क्रमणलाई परास्त गर्न सक्छौं। किनकि अहिले वर्तमान छ, वर्तमानमा हामी जे गर्छौं, त्यसले कोरोनालाई बढावा दिने वा यसको क्रमभङ्ग गर्ने कार्य गर्छ। आजको यस महामारीका बेला हामी आत्मरतिमा निमग्न भएर, आजसम्म केही भएन, अब पनि हुँदैन भनेर उच्छृङ्खल व्यवहार देखाउँछौं, कोरोना सङ्क्रमणप्रति अलिकति पनि संवेदनशील बन्दैनौं भने भोलि कदापि सुखद हुन सक्दैन। त्यसमा अतीत र भविष्यलाई दोष दिनुको कुनै अर्थ रहँदैन।

प्रत्यक्ष देखिएको कुरा हो, कोरोनाको उत्पत्तिस्थल चीनमा वर्तमानलाई ध्यान दिए, कोरोनाले न्यून ज्यान लियो, जसले ध्यान दिएन, त्यहाँ दिन प्रतिदिन मृतकको सङ्ख्यामा बढोत्तरी हुँदै गयो। के वर्तमानलाई ध्यानमा राखेको भए अमेरिका, ब्रजील, भारतलगायत युरोपेली मुलुकहरुले कोरोनाको भयावहता बेहोर्नुपर्थ्यो ?

आजको कोरोना विगत, अर्थात् अतीतमा हामीले के गऱ्यौं त्यसको परिणाम हो, आज हामी जे भोगिरहेका छौं त्यो त्यस बेलाको वर्तमानको हेलचेक्र्याइँ हो। भविष्य त अहिले वर्तमान भएर हाम्रो अगाडि ताण्डव देखाइ नै रहेको छ। अब पनि हामी भूत, वर्तमान र भविष्यको सम्बन्धलाई बुझ्ने प्रयास गर्दैनौं भने हामी आफैंले आफ्नो नियति बिगारेकोबाहेक के भन्न सकिन्छ ?

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# चीनको दक्षिण–उत्तर पानी डाइभर्सन परियोजना जन–केन्द्रित दर्शनमा आधारित

बेइजिङ, १ जेठ/सिन्ह्वा

गणतन्त्र चीनका राष्ट्रपति सी जिनपिङले चीनको विशाल पानी डाइभर्सन परियोजनाको निरीक्षण



चीनको विशाल पानी डाइभर्सन परियोजना। तस्वीरः सिन्ह्वा

पश्चात शुक्रवार बेइजिङमा आयोजना गरेको गोष्ठीमा देशको जन–केन्द्रित विकास दर्शनप्रति चीनको निरन्तर प्रतिबद्धतामा जोड दिएका छन्।

सन् २०२१ को मार्चसम्म दक्षिण–उत्तर पानी डाइभर्सन परियोजनाको पहिलो चरणको कार्य सम्पन्न भएपश्चात् ४०.८ अर्ब घनमिटर पानी चीनको उत्तरी भूभागमा पुगेको छ। पानी डाइभर्सनको यस कार्यबाट १३ करोडभन्दा बढी मानिसलाई प्रत्यक्ष लाभ पुगेको छ।

प्राचीनकालदेखि नै चीनले वर्षात्को मौसममा बाढीको विनाशलीला र हिउँदमा चरम सुख्खा भोग्दै आएको छ। तर चीनमा वर्षैभरि उत्तरमा पानीको अभाव र दक्षिणमा प्रशस्त पानी हुने गर्दछ। समय र ठाउँको हिसाबले पानीको यस असमान वितरणले शताब्दीयौंदेखि चिनियाँ जनतालाई पिरोलिरहेको छ।

जनगणतन्त्रका रूपमा चीन रूपान्तरण भएपछि चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) ले देशव्यापी ठूला जल परियोजनाहरूको निर्माणको नेतृत्व गरिरहेको छ। जलस्रोतलाई अनुकूलन गरी दिगो आर्थिक तथा सामाजिक विकासलाई प्रोत्साहन गरेको छ, र अन्ततः जनताको जीवनयापनमा निरन्तर सुधार ल्याइरहेको छ।

दक्षिण–उत्तर पानी डाइभर्सन परियोजना त्यसमध्येको एउटा उदाहरणीय कार्य हो। निकै ठूलो लगानी भएपनि तुलनात्मकरूपमा निकै लाभप्रद यो कार्य सम्पन्न गर्न सावधानीपूर्वक योजना तर्जुमा र कार्यान्वयनमा दृढ प्रतिबद्धता चीन सरकारले व्यक्त गरेको छ।

यस परियोजनाले याङ्सी नदीको पानीलाई पूर्वी, मध्य र पश्चिमी मार्गबाट उत्तरी चीनको सुख्खा क्षेत्रमा लैजान्छ। यो विश्वमैं सबैभन्दा ठूलो आयोजना पनि हो।

परियोजनाको निर्माणलाई सहज तुल्याउन धेरै चिनियाँ परिवार बसाइँ सर्नुपरेको थियो। उनीहरूलाई नयाँ घरमा पुनर्स्थापित गराइएको थियो र त्यहाँ उनीहरूले नयाँ जीवन शुरू गरेका थिए।

सिपिसी केन्द्रीय कमिटीका महासचिवसमेत रहेका राष्ट्रपति सी जिनपिङले बिहीवार उक्त स्थानको निरीक्षणका क्रममा केही पुनर्स्थापित परिवारसँग प्रत्यक्ष भेटवार्ता गरी नयाँ ठाउँको बसोवासका लागि शुभकामना दिएका थिए।

उनीहरूको बलिदान ठूलो फाइदाका लागि हो र यसले चिनियाँ राष्ट्रको परम्परा र चिनियाँ विशेषताको समाजवादी प्रणालीको क्षमता दुवैलाई दर्शाउँछ।

यस वर्ष गणतन्त्र चीन स्थापनाको शतवार्षिकोत्सव मनाउने क्रममा सिपिसीको स्थापना आफ्ना स्वार्थका लागि मात्र भएको थिएन, बरु मानिसको जीवन सुखी र सक्षम बनाउन थियो।

“जनता नै राज्य हो”–राष्ट्रपति सीले भने। सिपिसी प्रशासनको अन्तर्निहित उद्देश्यबारे प्रकाश पार्दै उनले जनताको मुहारमा खुशी ल्याउनु र उनीहरूका आकाङ्क्षा पूरा गर्नु हो भने।

समय र परिस्थितिमा परिवर्तन आएसँगै दक्षिण–उत्तर पानी डाइभर्सन परियोजनाको थप विकास गर्नुपर्ने खाँचो छ। राष्ट्रपति सी ले अध्यक्षता गरेको गोष्ठीको मूल ध्यान पनि यसैमा केन्द्रित छ। जन–केन्द्रित विकास दर्शन कुनै अमूर्त, उदासीन अवधारणा होइन, बरु स्थायी समाधानको मार्ग हो। सिपिसीले यस दर्शनलाई मनगढन्ते वा ओठे काममा मात्र लगाउँदैन बरु सामाजिक र आर्थिक विकासका सबै क्षेत्रमा पूर्णतः केन्द्रित गर्नेछ। रासस

# मङ्गलग्रहमा चीनको पहिलो यान अवतरण

बेइजिङ, १ जेठ/सिन्ह्वा

चीनले पठाएको एउटा यानले रातो मङ्गलग्रहमा अवतरण गरेको छ।

चिनियाँ राष्ट्रिय अन्तरिक्ष प्रशासन (सिएनएसए) ले शनिवार बिहान चीनको एउटा रोबोट मङ्गलग्रहमा सफलतापूर्वक अवतरण गरेको घोषणा गरेको छ। राष्ट्रपति सी जिनपिङले चिनियाँ वैज्ञानिकहरूको सफलताका लागि शुभकामना दिएका छन्।

चीनले पृथ्वीबाहेक कुनै ग्रह वा उपग्रहमा पहिलोपटक आफैंले विकास गरेको यान अवतरण गराएको छ।

सिएनएसएका प्रमुख झाङ केजियानले चिनियाँ अन्तरिक्ष नियन्त्रण केन्द्रमा आयोजित पत्रकार सम्मेलनमा मङ्गल खोज अभियान पूर्ण सफल भएको घोषणा गरेका थिए। रोबोट मङ्गलग्रहको सतहमा अवतरण गरेको जानकारी प्राप्त हुनासाथ नियन्त्रण कक्षमा खुशी र उमङ्ग छाएको थियो।

उनले चीनको अन्तरिक्ष खोजका लागि यो एउटा अर्को महत्त्वपूर्ण कोसेढुङ्गा रहेको बताए।

तियानवेन–१ नामको यानमार्फत पठाइएको झुरोङ मङ्गलग्रहको दक्षिणी युटोपिया प्लानिटियामा अवतरण गरेको थियो। बेइजिङ समय अनुसार बिहान ७ बजेर १८ मिनेटमा अवतरण गरेको



तस्वीरः सिन्ह्वा

नियन्त्रण कक्षले जनाएको छ।

मङ्गलग्रहमा अवतरण गरेपश्चात् उक्त रोबोटले बिस्तारै सोलार प्यानल र एन्टेना खोलेको र त्यसपछि सिग्नल पठाउन थालेको थियो। पृथ्वीबाट मङ्गलग्रहबीचको दूरी ३२ करोड किलोमिटर टाढा रहेकोले समय अन्तराल १७ मिनेट रहेको छ।

तियानवेन–१ गत जुलाई २३, २०२० मा दक्षिणी चीनको हैनानबाट प्रक्षेपण गरिएको थियो। यसमा एउटा अर्बिटर, ल्यान्डर र रोभर (रोबोट) रहेको थियो। छ पाङ्ग्रा भएको झुरोङ नामको यस रोबोटको तौल २० केजी छ, र यसको आयु करीब तीन महीना हुने चिनियाँ वैज्ञानिकहरूले बताएका छन्।

मङ्गलग्रहमा यस अघि अमेरिकाले एउटा यान यसै वर्ष अवतरण गराएको थियो।

विश्वमैं चीन मङ्गलग्रहमा यान पठाउने दोस्रो देश भएको छ। यस अघि भारतले गरेको प्रयास अन्तिम समयमा असफल भएको थियो। रासस

# पाकिस्तानको पञ्जाबमा नहरमा भ्यान खस्यो, ११ को मृत्यु

इस्लामाबाद, १ जेठ/एएनआई

पाकिस्तानको पञ्जाब प्रान्तस्थित एक नहरमा शुक्रवार बेलुकी यात्रुवाहक भ्यान खस्दा एकै परिवारका ११ जनाको मृत्यु भएको छ।

देशको पूर्वी प्रान्तको शिखुपुरा जिल्लामा उक्त घटना भएको हो अधिकारीहरूले बताएका छन्। मृत्यु भएका ११ जनामध्ये सातजना बालबालिका, तीन महिला र एक पुरुष रहेका छन्।

घटना भएलगत्तै प्रहरीले उक्त स्थानमा पुगेर नहरमा डुबेका व्यक्तिहरूलाई बाहिर निकालेको थियो। प्रहरीका अनुसार एउटा परिवारका सदस्यहरू पञ्जाबको गुजराँवाला जिल्लामा नातेदारसँग भेटघाट गरेर आफ्नो गाउँ खानखा डोगरान फर्कँदै थिए। प्रत्यक्षदर्शीहरूले नहरको बाटोमा तीव्र गतिमा भ्यान दौडिएको र अनियन्त्रित भएर नहरमा खसेको बताएका छन्। पाकिस्तानमा सडकको अवस्था कमजोर हुँदा वर्षैपिच्छे धेरै सडक दुर्घटना हुने गरेको छ। रासस

# नयाँ सरकार गठनसँगै सबै निकाय कोभिडविरुद्ध सक्रिय

काठमाडौं, १ जेठ/रासस

केही समययताको राजनीतिक विवाद र खिचातानीपछि प्रधानमन्त्री केपी शर्मा ओलीकै नेतृत्वमा नयाँ सरकार गठन भई सम्पूर्ण मन्त्रालय, निकाय र क्षेत्र कोभिड–१९ विरुद्ध थप सक्रिय हुन थालेका छन्।

महामारीबाट दैनिक सयभन्दा बढीको मृत्यु भएको र विभिन्न अस्पतालमा शय्या तथा अक्सिजन अभावमा बिरामी र तिनका आफन्त छटपटाइरहेका बेला सरकारले योजनाबद्धरूपमा कोभिडविरुद्ध ध्यान केन्द्रित गरेको हो। प्रधानमन्त्री ओलीले तेस्रो कार्यकालका लागि शुक्रवार सिंहदरबारमा पदबहालीपछि सबै मन्त्री र उच्च कर्मचारीलाई निर्देशन दिंदै कोरोना रोकथाम र नियन्त्रणमा कुनै साधन स्रोतको कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै राज्यका सबै अङ्ग र निजी क्षेत्रलाई प्रभावकारीरूपमा परिचालित हुन आग्रह गरेका थिए।

महामारी नियन्त्रणमा सम्बन्धित नियमको पालना गर्न जनतालाई निराश हुन नदिन र कुनै अनियमितता हुन नदिन उनले सचेत गराउँदै भनेका थिए–“यतिबेला सबै एकजुट भएर महामारीको रोकथाममा लाग्नुपर्नेमा सरकारका राम्रा कामलाई पनि अन्देखा गर्ने र असहयोग वा अनियमितता गर्ने प्रवृत्ति उचित होइन, कुनै पनि नाममा हुने भ्रष्टाचार वा अनुचित लाभ लिने कार्य सह्य छैन, सरकारले कडाइका साथ कारबाई गर्नेछ।”

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रधानमन्त्री ओलीले शुक्रवार पद तथा गोपनीयताको शपथ लिएका थिए। संविधानको धारा, ७६ को ९३० बमोजिम प्रतिनिधिसभामा ठूलो दलका नेताका हैसियतमा उनी प्रधानमन्त्रीमा पुनः नियुक्त भएका हुन्। प्रधानमन्त्री ओलीको निर्देशन सुनेर आफ्ना मन्त्रालयमा बहाली गर्न पुगेका मन्त्रीहरूले कोभिड नियन्त्रणमा ध्यान केन्द्रित गर्ने उद्घोष गरे।

उपप्रधानमन्त्री ईश्वर पोखरेलले जनतालाई कोरोनामुक्त गर्न सरकारले ध्यान केन्द्रित गर्ने उल्लेख गर्दै भने–“अब हामी कोरोना सङ्क्रमितको उपचार, उपकरण तथा अस्पतालको व्यवस्थापन र चिकित्सक तथा स्वास्थ्यकर्मीको प्रोत्साहनमा केन्द्रित हुन्छौं।” कोभिड–१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र (सिसिएमसी)का संयोजक पोखरेलले दैनिकजसो सिसिएमसीको बैठक, समीक्षाको आयोजना र अनुगमन तथा निर्देशन दिइरहेका छन्। केन्द्रमा हरेक दिन कुन मन्त्रालय र निकाय तथा तहले कोभिडविरुद्ध गरेका प्रगति तथा भएका समस्याको विवरण सङ्कलन गरी योजना बनाउने गरेको भन्ने जानकारी लिइने गरिएको छ।

उपचार, रोकथाम र समन्वयमा प्रत्यक्ष जोडिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार शुक्रवारसम्म सङ्क्रमितको सङ्ख्या चार लाख ३९ हजार ६५८ र मृत्यु हुनेको सङ्ख्या चार हजार ६६९ पुगेको छ। हाल सक्रिय सङ्क्रमित एक लाख सात हजार ३३६ छन्। अहिले केन्द्र, प्रदेश र



प्रधानमन्त्री केपीशर्मा ओली, मन्त्रिगण, सुरक्षा निकायका प्रमुख, विज्ञलगायत बालुवाटारमा कोभिड- १९ को सङ्क्रमण रोकथाम तथा वर्तमान अवस्था बारे बसेको बैठक। तस्वीरः रासस

स्थानीय तहका साथै निजी क्षेत्र तथा नागरिक समाज सबैको ध्यान महामारी रोकथाममा केन्द्रित भएको छ।

विपक्षी दलहरूले सरकारको काम अझै प्रभावकारी हुनुपर्ने आवाज उठाइरहेका बेला पदबहालीकै क्रममा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अक्सिजन प्लान्ट र पाइपलाइन जडान गर्न डडेल्धुरा अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र भेरी अस्पताल, नेपालगंजलाई गरी रु पाँच करोड ८३ लाख २४ हजार उपलब्ध गराउने निर्णयको फाइल सदर गरे। गृहमन्त्री रामबहादुर थापाले सम्पूर्ण शक्ति कोभिड–१९ सङ्क्रमण नियन्त्रणमा लगाउन मातहतका कर्मचारीलाई निर्देशन दिंदै वर्तमान विषम परिस्थितिमा अक्सिजन आपूर्तिमा विशेष ध्यान दिन र चुस्त व्यवस्थापनमा लाग्न अनुरोध गरेका थिए।

“निषेधाज्ञाको मौका छोपी हुन सक्ने कालोबजारी नियन्त्रणमा सचेत हुनुहोस्, मन्त्रालयबाट पूर्ण सहयोग रहने छ”–गृहमन्त्री थापाले भने–“सबै मिलेर सङ्कट मोचन गर्नुपर्छ।”

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री टोपबहादुर रायमाझीले देशभरका सबै अक्सिजन उद्योगलाई ‘डिमान्ड’ शुल्क छुट गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने निर्णय गरेका छन्। विसं २०७८ वैशाखदेखि लागू हुने गरी आगामी असोज मसान्तसम्म खपत गरिएको विद्युत्को डिमान्ड शुल्क मिनाहा गर्ने गरी प्रस्ताव लैजान लागिएको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालले कोभिडबाट प्रभावित पर्यटन क्षेत्रको विकास र विस्तारभन्दा पनि उद्धार र राहतमा केन्द्रित हुनेगरी नीति बनाउन कर्मचारीलाई निर्देशन दिए। उनले नीति र बजेट दुवै प्रभावकारी हुने गरी तयारी गर्न पनि निर्देशन दिए। मन्त्री ढकालले पशुपतिमा कोभिड सङ्क्रमित भएका शव दाहसंस्कारमा संलग्न हुने कर्मचारीलाई प्रोत्साहन भत्तास्वरूप प्रतिशव रु एक हजार दिने निर्णयको फाइल सदर गरेका थिए।

यसैगरी वन तथा वातावरणमन्त्री प्रेमबहादुर आलेले कोरोना सङ्क्रमणले नागरिकको मृत्युपश्चात् शव जलाउनका लागि पशुपति क्षेत्रमा दिनहुँ ठूलो सङ्ख्यामा शव आइरहेकाले जलाउन दाउराको कमी हुन नदिन निर्देशन दिए। पर्यटन मन्त्रालय र परराष्ट्र मन्त्रालयको समन्वयमा चीन र भारतका साथै विभिन्न मुलुकबाट स्वास्थ्य सामग्री ल्याउने कार्य भइरहेको छ।

यस्तै परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङ, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्त नेम्वाङ, कानून, न्याय तथा संसदीय मामिलामन्त्री लीलानाथ श्रेष्ठ र अन्य मन्त्रीले महामारी रोकथाममा आफ्नो क्षेत्रले गर्न सक्ने सहयोगका विषयमा पनि चाँडै योजना तर्जुमा गरी कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गरेका थिए।

# अक्सिजन अभावले वीरको नयाँ भवन सञ्चालनमा समस्या

काठमाडौं, १ जेठ/रासस

वीर अस्पतालले अक्सिजन अभावका कारणले नयाँ भवन सञ्चालन गर्न सकेको छैन। सरकारले अस्पतालको नयाँ सर्जिकल भवनमा कोभिड–१९ का सङ्क्रमितको उपचारका लागि सञ्चालन गर्ने निर्णय गरे तापनि अक्सिजन अभावले सञ्चालनमा कठिनाइ भएको छ।

अस्पतालका निर्देशक डा शान्ता सापकोटाले सरकारको निर्देशनानुसार नयाँ भवन सञ्चालनका लागि तयारी गरिए तापनि अक्सिजन नपाइएपछि सञ्चालन हुन नसकेको बताइन्। नेपालमा अहिले १५ हजार अक्सिजन सिलिन्डरको माग र सात हजार २०० मात्र उत्पादन हुने गरेको छ। “हामीले भवनमा बिरामी राख्नका लागि सबै तयारी पूरा गरेका थियौं तर अक्सिजन नभएपछि त्यतिकै रोकिएको छ”–उनले भनिन्–“अहिले सङ्क्रमितलाई अक्सिजन चाहिन्छ। त्यसैले अक्सिजनविना बिरामीलाई नयाँ भवनमा राख्न सकिंदैन।”

शुरूमा एक सयदेखि ३०० शय्या सञ्चालन गर्ने योजना थियो। सर्जिकल बिरामीका लागि बनाइएको उक्त भवन ५०० शय्याको छ। त्यहाँ बिरामी राखेर उपचार गर्नका लागि कम्तीमा ६०० सिलिन्डर अक्सिजन आवश्यक रहेको उनको भनाइ थियो। उनले अक्सिजनको आपूर्ति गर्नका लागि प्रयास भइरहेको र प्राप्त हुनासाथ भवनमा बिरामीलाई राखिने जानकारी दिइन्।

## आजको राशिफल

| | |
|---|---|
| मेष – व्यर्थभ्रमण | वृष – प्रसन्नता |
| मिथुन – पदोन्नति | कर्कट – आलस्यता |
| सिंह – वादविवाद | कन्या – नारीसुख |
| तुला – कडाश्रम | वृश्चिक – खिन्नता |
| धनु – वाहनकष्ट | मकर – राज्यलाभ |
| कुम्भ – अलमल | मीन – अन्नलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# पिसिआर टेस्ट गरेर मात्र नेपाल जान आग्रह

काठमाडौं, १ जेठ/रासस

नेपाली महावाणिज्यदूतावास कोलकाताले सकभर नेपाल जाँदै नजान र जानै परे पिसिआर टेस्ट गरेर मात्र जान नेपाली समुदायसँग आग्रह गरेको छ।

महावाणिज्यदूत ईश्वरराज पौडेलले सीमा पार भएपछि १४ दिन क्वारेन्टिनमा बस्नुपर्ने जनाउँदै यदि अस्पतालमा भर्ना हुन र कोरोना भाइरसविरुद्ध खोपका लागि कुनै कागजपत्र आवश्यक परे महावाणिज्यदूतावासमा सम्पर्क राख्न आग्रह गरे।

कोरोना भाइरसविरुद्ध जीत हासिल गर्न नेपाल र भारतका स्वास्थ्य मापदण्ड पालना गर्न, घरैमा बस्न तथा सबै नेपाली एकजुट हुन पनि उनले अनुरोध गरेका छन्।

यसैबीच श्रीश्रीश्री जानकीमाता नेपाली धार्मिक सङ्घले कोरोनापीडित नेपालीका लागि दुई एम्बुलेन्समार्फत निश्शुल्क घुम्ती सेवा शुरू गरेको छ। नेपालीहरू कसैलाई अस्पताल जानआउन वा अन्य समस्या भएमा एम्बुलेन्स सेवा लिन आग्रह गरिएको सङ्घका सभापति गुञ्जदास श्रेष्ठ र जानकी माता नेपाली महिला कल्याणकारी कोषका अध्यक्ष रमा शर्मा पौडेलले बताए।



कोरोना कहर बढेसँगै विद्यालयहरू बन्द भएका छन् । विद्यालय बन्द भएपछि गाउँका विद्यार्थीहरू घरायसी काममा खट्ने गरेका छन् । यसै क्रममा पर्सा जिल्लाको जीराभवानी गापा–२ सेढवाका बालबालिकाहरू बाख्रा चराउने क्रममा सेडमा बसेर गट्टा खेल्दै । तस्वीर : ओमप्रकाश चौधरी

# जनकपुरमा ६ करोडको अक्सिजन प्लान्ट सञ्चालनको तयारी

प्रस, वीरगंज, १ जेठ/

प्रदेश २ को सुदूरपश्चिमी जिल्ला पर्साको सदरमुकाम मुलुककै प्रमुख



आर्थिक नगरी र प्रवेशद्वार हो । अहिले यो जिल्ला कोरोना महामारीको दोस्रो लहरबाट नराम्ररी जुध्रिरहेको छ। दैनिक १०/१२ जनाको विभिन्न अस्पतालमा मृत्यु भइरहेको छ ।

वीरगंज–पथलैया औद्योगिक करिडरमा चारवटा अक्सिजन उद्योग सञ्चालनमा छन् तर अहिले सङ्क्रमित बढेसँगै पर्सा–बारा जिल्लाकै लागि अक्सिजन अपुग भएको छ । एक सातादेखि प्रदेश २ को अस्थायी सदरमुकाम जनकपुरधाममा पनि अक्सिजनको अभाव सृजना भएपछि सङ्क्रमित तथा अन्य बिरामीको उपचारमा समस्या भइरहेको छ ।

यही मौकामा धनुषाका व्यवसायीहरूले जनकपुरमा अक्सिजन प्लान्ट स्थापनामा जोड दिएका छन् । ६ महीना अघिदेखि प्लान्ट लगाउने योजना बनाएका जनकपुरका व्यवसायी सुनीलकुमार साह एक साता यतादेखि प्लान्ट सञ्चालनमा गम्भीर बनेका छन् । रौतहटदेखि सप्तरीसम्म ६ जिल्लाको बीचमा ढल्केबरमा मात्र एउटा



अक्सिजन प्लान्ट छ । ढल्केबर ग्याँस उद्योग प्रालि । त्यो पनि कहिलेकाहीं बिग्रँदा प्रदेशको अस्थायी राजधानी जनकपुर, सिरहा, सप्तरी, महोत्तरीलगायत जिल्लामा अक्सिजनको अभाव हुँदै आएको थियो । वीरगंजबाट जनकपुर आपूर्ति हुने अक्सिजन अहिले पर्सा, बाराका प्रशासनले होल्ड गरी वीरगंजमा प्राथमकितामा राखेपछि जनकपुरका अस्पतालमामा उपचार सेवा प्रभावित भएको जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठ बताउँछन् । उनका अनुसार पछिल्लो अवस्थालाई मध्यनजर गर्दै जनकपुरका व्यवसायी सुनीलले तीव्र गतिमा प्लान्ट सञ्चालनको काम गरिरहेका छन् ।

जनकपुरको अवस्था निकै भयावह बन्दै गइरहेको महासेठको भनाइ छ । उनले प्लान्ट स्थापनामा नेपाल विद्युत् प्राधिकरण, स्थानीय प्रहरी प्रशासनसँग सहजीकरण गरेको र अबको एक सातामा दैनिक ४० लिटरको ३ सय सिलिन्डर उत्पादन गर्ने गरी उद्योग सञ्चालनमा आउने बताए ।

गत वर्ष अक्सिजनको अभाव भएपछि भारतबाट उनले सो प्लान्टका सामान आयात गरेका थिए । त्यसपछि अवस्था सामान्य बनेपछि निर्माण कार्य रोकिएको थियो ।

हाल इटहरी र वीरगंजबाट अक्सिजन आइरहेकोमा केही दिनदेखि सम्बन्धित जिल्लाका प्रशासनले अक्सिजन सप्लाइ रोकेको उनले बताए । ढल्केबरपछि सुनसरीमा तीनवटा अक्सिजन प्लान्ट उद्योग सञ्चालनमा छ ।




# सङ्क्रमित मिर्गौला पीडितलाई समस्या

प्रस, वीरगंज, १ जेठ/

कोरोना महामारीको दोस्रो चरणको सङ्कटको बेला मिर्गौला पीडितहरूको समस्या बढेको छ ।

शुक्रवार आदर्श मिश्रा नाम गरेका युवकले यस्तो समस्याबारे सामाजिक सञ्जाल ट्वीटर र इन्स्टाग्राममा एउटा भिडियो अपलोड गर्दै प्रदेश २ मा मिर्गौला पीडितहरूको बेहाल अवस्थाबारे समस्या पोखेका छन् । उनले आफ्ना बुवा मिर्गौला पीडित भएको र कोरोना सङ्क्रमित भएपछि निकै दुःख भोगेको गुनासो गरेका छन् ।

बुवालाई डायालासिस गर्न नेशनल मेडिकल कलेजमा लगेको पिसिआर परीक्षण रिपोर्ट ल्याए मात्र डायालासिस गर्ने भनेर अस्पतालले उपचार नगरेको बताए । त्यसपछि नारायणीमा सोर्स पहुँच लगाएर बुवाको डायलासिस गराएको उनले बताए । उनले नारायणीमा कोरोना सङ्क्रमित मिर्गौला पीडितको लागि डायालासिसको व्यवस्था गरिएको तर प्राविधिक जनशक्तिको अभाव रहेको बताए । अहिलेको बेला प्राविधिक अभाव हुनु अनि सङ्क्रमित सङ्ख्या बढिरहेको बेला सङ्क्रमितहरूका लागि एक मात्र डायालासिस मेशिन सञ्चालन गर्दा अप्ठेरो बेहोर्नुपरेको उनले बताएका छन् । एउटा मात्र मेशिन सञ्चालनमा रहेकोले सङ्क्रमित मिर्गौला पीडितलाई डायालासिस गर्न समस्या भइरहेको नारायणी अस्पताल वीरगंजका कोभिड फोकल पर्सन डा. सरोजरोशन दास स्विकार्छन् ।

उनले दुईवटा मेशिनमध्ये एउटा मेशिन बिग्रेको र दिनमा ४/५ जना सङ्क्रमितको डायलासिस हुने गरेको बताए ।

## वीरगंजमा हुन्छ डायालासिस

वीरगंजका दुईवटा अस्पतालमा नन कोभिड मृगौला पीडितहरुको डायलासिस सेवा हुने गरेको छ ।

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल र वीरगंज हेल्थकेयरमा प्रदेश २ का विभिन्न जिल्लाका बिरामीहरुका लागि डायलासिस गर्ने स्थानीय प्रशासनले निर्णय गरेको छ । यी दुई अस्पतालमा पर्सा, बारा, रौतहट, सर्लाहीसम्मका मिर्गौला पीडित पालोमा बसेर डायलासिस गराउँदै आएका छन् । नेशनलमा ११ वटा मेशिन सञ्चालनमा छ ।

बिहान ७ बजेदेखि राति ११ बजेसम्म दैनिक ३० देखि ३५ जना मिर्गौला पीडितहरुलाई सेवा दिइरहेको नेशनल मेडिकलका मेडिकल निर्देशक डा. प्रमोद सरार्फले बताए । उनले पिसिआर परीक्षणपछि मात्र डायलासिस गरिने बताए ।

त्यहाँ ११० जना मिर्गौला पीडित रहेकामा ४६ जना अहिले क्यूमा रहेको उनले बताए । सरकारले यहाँ डायलिसस गराउने प्रतिबिरामी रु २५ सय दिने गरेको छ ।

वीरगंज हेल्थ केयर अस्पतालमा पाँचवटा मेशिनबाट डायलासिस सेवा दिने गरेको र यो अस्पतालमा १० जना बिरामीको डायलासिस भइरहेको बताइएको छ ।

# रक्सौलको १३ वटा पसल सिल

प्रस, रक्सौल, १ जेठ/

रक्सौल बजारमा रहेका १३ वटा पसललाई लकडाउन उल्लङ्घनको आरोपमा सिल गरिएको छ ।



लकडाउनमा पसल सञ्चालनका लागि निर्धारण गरिएको मिति र समय उल्लङ्घन गरेर अटेर गरी पसल सञ्चालन गरेको भन्दै यहाँका आनन्द वस्त्रालय, गिरिजा वस्त्रालय, महारानी साडी शोरूम, परिवार/पिङ्की रेडिमेड, गीताञ्जली/सन्तोष शृङ्गार, वेलकम टेलर्स, दुर्गा कापी–पेन स्टोर, अनिल भाडा पसललगायत १३ वटा पसल सिल




तस्वीरः प्रतीक

गरिएको स्थानीय प्रशासनले जानकारी गराएको छ ।

लकडाउनमा बजार निरीक्षण अनुगमनमा स्थानीय प्रहरी प्रशासनका रामदुलार राम, सन्तोष सिंह, सन्दीप सौरभ, विनय कुमार, आनन्द गौतम, शशिभूषण ठाकुरलगायतको सहभागिता थियो ।

# बरियापुरमा प्रयोगशाला सञ्चालित

प्रस, कलैया, १ जेठ/

महागढीमाई नगरपालिकाले स्वास्थ्य चौकी बरियापुरमा प्रयोगशाला सञ्चालन गरेको छ ।

कोरोना माहामारीमा नगरवासीलाई विभिन्न रोगको परीक्षणका लागि सदरमुकाम कलैया र वीरगंज धाउन नपरोस् भनेर प्रयोगशाला सञ्चालन गरेको नगरप्रमुख उपेन्द्रप्रसाद यादवले बताए ।

उनले चार लाख लागतमा प्रयोगशालाका उपकरणहरू खरीद गरेर जडान गरिएको र तत्काल सबै खाले परीक्षण निश्शुल्क गरिने बताए । उनले सञ्चालनमा आएको प्रयोगशालामा टाइफाइड, क्षयरोग, मधुमेहलगायतको परीक्षण गरिने बताए ।

शनिवार प्रयोगशालाको नगरप्रमुख यादवले उद्घाटन गरेका थिए । आजदेखि सञ्चालनमा आएको ल्याब दैनिक बिहान ८ बजेदेखि बेलुकी १२ बजेसम्म सञ्चालन गरी सेवा प्रदान गरिने नगरप्रमुख यादवले बताए ।

# शनिवार वीरगंजमा ६ जनाको मृत्यु

प्रस, वीरगंज, १ जेठ/

नारायणी अस्पताल वीरगंजमा शनिवार साँझसम्म ६ जना सङ्क्रमितको मृत्यु भएको छ ।

पर्साका तीनजना, बाराका दुईजना र रौतहटका एकजना गरी ६ जनाको मृत्यु भएको बताइएको छ । आज मृत्यु हुनेमा एकजना महिला र पाँचजना पुरुष छन् ।


यसैगरी बारागढी गाउँपालिका–२ दरदवा निवासी ४२ वर्षीय पुरुषको आज बिहान ११:०५ बजे नारायणी अस्पताल वीरगंजमा मृत्यु भएको थियो । मृतक वैशाख २९ गते सङ्क्रमित पुष्टि भएपछि अस्पतालमा भर्ना भएको कोभिड संयोजक डा सरोजरोशन दासले बताए । यसैगरी रौतहट जिल्ला बङ्कुल निवासी ३५ वर्षीया महिलाको बिहान पौने १२ बजे मृत्यु भएको थियो । मृतक महिला वैशाख ३० गते अस्पताल भर्ना भएकी थिइन् । कालिकामाई गाउँपालिका–२ का ६५ वर्षीय पुरुषको आज बिहान साढे ८ बजे वीरगंज हेल्थ केयरमा मृत्यु भएको जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकारी विनयकुमार श्रीवास्तवले बताए । यसैगरी वीरगंज –१५ भिस्वा निवासी ६२ वर्षीय पुरुषको अपराह्न ४ बजे र बारा जिल्ला बेलहैया गापा–५ का २५ वर्षीय युवकको बिहान ६ बजे नारायणी अस्पतालमा मृत्यु भएको कोभिड संयोजक डा. दासले बताए ।

## डिभिजन वन कार्यालय......

भारी वर्षा हुने र पानीको सतह माथि रहिरहने जसले गर्दा खेतीबाली लगाउन पानीको स्रोत कायमै रहोस् भन्ने पनि उद्देश्य रहेको उनले बताए ।

गत राष्ट्रिय वृक्षारोपण वर्ष अन्तर्गत यस वर्ष देशभर ५ करोड बोट बिरुवा रोपण गर्ने लक्ष्य सरकारले लिएसँगै बारामा लगभग ३ सय ५० हेक्टर क्षेत्रफलमा ६ लाख वृक्षारोपण भएको थियो । सङ्घ र प्रदेशको निर्देशन अनुसार गत वर्ष १० लाख बिरुवा उत्पादन गर्ने लक्ष्यसहित डिभिजन वन बारा लक्ष्य प्राप्तिका लागि अघि बढेको हो ।

यसमा विभिन्न प्रजातिका ६ लाख र ३ हजार ५ सय फलफूलका बिरुवासमेत रहेको छन् । डिभिजन वन कार्यालय बारा मातहतका नर्सरी सिम्रौनगढ, बरियारपुर, कलैया, फेटा, त्रिवेणी, डुमरवाना, तामागढीलगायत स्थानमा रहेका छन् ।



**स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी**

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरुलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरु जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

